# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन ३० गते २०५९ साल (अतिरिक्ताङ्क ३९

## भाग ३

श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३९ ले दिएको अधिकार प्रयोग गरी स्थानीय निकायको निर्वाचन सम्पन्न नभएसम्मका लागि सो निकायको कार्य सञ्चालन गर्न देहायबमोजिमको समिति गठन गरेको छ।

(क) गाउँ विकास समितिको हकमा

| | | |
|---|---|---|
| १. | गाउँ विकास समितिका सचिव | – अध्यक्ष |
| २. | गाउँ विकास समिति / इलाका स्थित कृषि वा पशु सेवासँग सम्बन्धित कार्यालयका प्रतिनिधि | – सदस्य |
| ३. | गाउँ विकास समिति / इलाका स्थित स्वास्थ्यसंग सम्बन्धित कार्यालयका प्रतिनिधि | – सदस्य |

(ख) नगरपालिकाको हकमा

| | | |
|---|---|---|
| १. | कार्यकारी अधिकृत | – प्रमुख |
| २. | जिल्ला पूर्वाधार विकास कार्यालयका अधिकृत प्रतिनिधि | – सदस्य |
| ३. | जिल्ला स्थित जनस्वास्थ्य कार्यालयका अधिकृत प्रतिनिधि | – सदस्य |
| ४. | जिल्ला स्थित आन्तरिक राजश्व कार्यालयका अधिकृत प्रतिनिधि | – सदस्य |
| ५. | जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | – सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्ला विकास समितिको हकमा

१. स्थानीय विकास अधिकारी – अध्यक्ष
२. जिल्ला कृषि कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
३. जिल्ला शिक्षा कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
४. जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
५. जिल्ला महिला विकास कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
६. जिल्ला पूर्वाधार विकास कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
७. जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि – सदस्य

(घ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सो सम्बन्धी नियमावलीमा उल्लेख भए बमोजिम सम्बन्धित स्थानीय निकायले गर्ने सबै कार्यहरू उपरोक्त बमोजिमका समितिहरूले गर्ने ।

(ङ) स्थानीय निकायको काम कारवाही गर्दा कुनै बाधा अड्काउ सिर्जना भएमा स्थानीय विकास मन्त्रालयले त्यस्ता बाधा अड्काउ फुकाउन आवश्यक निर्देशन वा निर्देशिका जारी गरी कार्य संचालन गर्ने व्यवस्था मिलाउन सक्ने ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

652
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।